नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**विद्युतीय सुशासन आयोगको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि गठित छनौट तथा सिफारिस समितिको**

**पदपूर्ति सम्बन्धी सूचना**

(प्रथमपटक प्रकाशित मिति २०७९/०५/२४ गते)

विद्युतीय सुशासन आयोगमा रिक्त **प्रमुख कार्यकारी अधिकृत** पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ दिन (२०७९/०५/३० गते) भित्र कार्यालय समयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन महाशाखा, सिंहदरबार, काठमाडौंमा गोप्य सिलबन्दी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. योग्यता तथा अनुभवः

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी कुनै विषयमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा बाह्र बर्षको अनुभव हासिल गरेको,

ख) ३५ वर्ष उमेर पूरा भई ६० वर्ष उमेर ननाघेको।

२. दरखास्त पेश गर्ने प्रक्रियाः

क. दरखास्त साथ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको website:- www.opmcm.gov.np मा प्रकाशित **विद्युतीय सुशासन आयोगको प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७९** दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

ख. दरखास्त पेश गर्दा शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७९ को दफा ६ बमोजिमको व्यवसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) चार प्रति सिलबन्दी गरी यस कार्यालयको प्रशासन महाशाखामा पेश गर्नु पर्नेछ। सिलबन्दी प्रस्तावको खामबाहिर **"विद्युतीय सुशासन आयोगको प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदन तथा व्यवसायिक कार्ययोजना"** उल्लेख गरेको हुनुपर्नेछ ।

३. अन्तरवार्ताः

शैक्षिक योग्यता, अनुभव र व्यवसायिक कार्ययोजनासमेतको मूल्याङ्कनका आधारमा छनौट सूचीमा परेका उम्मेदवारहरूलाई अन्तरवार्तामा सहभागी गराइनेछ ।

४. दस्तुर :

दरखास्त दस्तुर बापत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोड नं.: ३०१००३५०१ राजस्व खाता नं. ०११०००१००२०००१०००० तथा राजस्व शीर्षकः १४२२९ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार परिसर शाखामा रू. ५,०००/- (अक्षरेपी पाँच हजार रूपैयाँ) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

५. पारिश्रमिकः

पारिश्रमिक तथा सेवा सुविधा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

६. अन्य विवरण:

क. छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७९ बमोजिमको काम, कर्तव्य र अधिकारका साथै व्यवसायिक कार्ययोजनामा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको website: www.opmcm.gov.np बाट जानकारी लिन सकिनेछ।

ख. यो सूचना बमोजिम प्राप्त भएका दरखास्त कार्यालयले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

ग. आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

यस सम्बन्धी थप जानकारीका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन महाशाखा तथा टेलिफोन नं. ०१-५९७१०००, ५९७१००१ (Ext. १०६९, ११००) मा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

शाखा अधिकृत